CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पराशान्ति

[महाज्ञानी, महायोगी, महाकर्ता र महाभोक्ता]

को

आनन्दानुभव

क्षितीशचन्द्र चक्रवर्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अखिल अद्वैत विश्वविद्यालय नेपालको पाठ्य ग्रन्थ

पराशान्ति

[महाज्ञानी, महायोगी, महाकर्ता, र महाभोक्ताको]

आनन्दानुभव

वेदान्त

वेदान्त २०५

लेखक :

ब्रह्मनिष्ठ डा० क्षितीशचन्द्र चक्रवर्ती

संस्थापक :

अद्वैत संस्था

कुलपति :

अखिल अद्वैत विश्वविद्यालय

नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDH

प्रकाशक :
तुलिसनारायण श्रेष्ठ
नारायणगढ

पहिलो पटक :
१००० प्रति

सर्वाधिकार सुरक्षित :

प्रजातन्त्र दिवस
२०२६

Rs. 12-00
मूल्य - ५।००

मुद्रक :- भारती प्रेस, नारायणगढ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृतज्ञता :

मेरा परम आदरणीय वृद्ध ज्येठा बुबा श्री तुल्सिनारायण श्रेष्ठको सदीच्छालाई यो अत्यन्त उत्तम पुस्तिका प्रकाशित गरेर पूरा गर्न पाउंदा मैले आफूलाई धन्य संझेको छु । किनकि पिता नै स्वर्ग, पिता नै धर्म, पिता नै परमतप हुनुहुन्छ र उहाँ प्रसन्न हुनु भए सबै देवताहरु प्रसन्न हुनहुन्छ । जसको फलले हामी यो किताबले देखाएको परम शान्ति लाभ गर्न सक्नेछौं ।

अद्वैत विश्वविद्यालयमा अनुसन्धान गर्ने हरुले यस ग्रंथ रत्नको राम्रोसंग अनुसन्धान गर्नु भै यसले देखाएको शान्ति तत्वलाई निःस्वार्थ रुपले देखाई सबैको कल्याण गरिदिनु भए हामी आफ्नो प्रयासलाई सफल भएको ठान्ने थियौं ।

अन्तमा यस्तो अमूल्य किताप लेखी हामीलाई छाप्न अनुमति दिनु भएकोमा अद्वैत संस्थाका परम उदार एवं सम्मान्य संस्थापकज्यूमा हार्दिक कृतज्ञता र अभिवादन चढाउँदछु ।

विनित

मंगल प्रसाद श्रेष्ठ

नारायणगढ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय सूचिः

१। जीवको वास्तव स्वरुप १
२। साक्षीरूपले आत्माको प्रतिपादन ४
३। शुद्ध चैतन्यरुपले आत्माको प्रतिपादन ... ६
४। अखण्ड आनन्द रूपले आत्माको प्रतिपादन ... ११
५। परमार्थसत्यरूपले आत्माको प्रतिपादन १३
६। त्वं पदको अर्थ १४
७। तत् पदको अर्थ १५
८। ब्रह्मको अद्वितीयता २०
९। महावाक्यको अर्थ प्रदर्शन २५
१०। आत्मैक्यरुप वाक्यार्थको अपरोक्ष दृढता
विदेहमुक्ति र जीवन्मुक्ति ... २७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पराशान्ति

[महाज्ञानी, महायोगी, महाकर्त्ता र महाभोक्ता-को आ[illegible]नुभव]

जीवको वास्तव स्वरूप

आफ्नो वास्तव सनातन स्वयं प्रकाश अखण्ड सुख स्वरूपमा सम्यक् स्थितिको नाम हो मुक्ति । यो हो दृढ ज्ञानको फल । जस्को दृढ अपरोक्ष ज्ञान भएको छ तिनी सारा उपाधि सित सम्बन्ध रहित हुनुहुन्छ । त्यसकारण यसप्रकार अवस्थालाई ब्राह्मि स्थिति [ब्रह्मस्वरूपमा स्थिति] किम्वा कैवल्य भनिएको छ । जीवदशामा किम्वा मरणको पैले यस प्रकार स्थिति प्राप्त भए परमशान्ति लाभ हुन्छ । गीतामृत पृष्ठ ६५ विवेकचूडामणी श्लोक ३३० हुर्नु] ।

यो आफ्नु वास्तव स्वरूप हो–

१. साक्षितत्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. शुद्ध चैतन्य

३. अखण्ड आनन्द र

४. परमार्थ सत्य ।

यस्को क्रमिक विवेचन देखाइन्छ ।

मनुष्यको वास्तव स्वरूप हो मनको साक्षिता । मन मनलाई जान्न सक्दैन । मनको प्रकाशक मन-] देखि भिन्न हुन्छ त्यसकारण मनलाई जो [देख्छ त्यो हो मनको साक्षी । यो साक्षी वास्तवमा [त्य लाई [मनलाई] अवलम्बन नगरे तापनि— [त निरालम्ब प्रकाशरूप भए तापनि पैले नै निर्विकल्प चैतन्य भएको हुनाले यो आफ्नु यथार्थ स्वरूपको प्रतिपादन गर्न त्यसलाई बुझ्नु कठीन हुने भएको हुनाले साक्षीरूपले आत्माको प्रतिपादन गरीकन पछि त्यसलाई निरालम्ब रूपले [शुद्ध चैतन्यरूपले] शास्त्रमा देखाइएको छ ।

मन सहित देह इन्द्रियलाई जसले जान्दछ जसले प्रकाश गरि राखेको छ, यसप्रकार भनेपछि त्यो प्रकाशक हो मुमुक्षु आफु नै यस्तो बुझ्नु सजिलो हुन्छ । यसरी आफ्नु वास्तव स्वरुप हो चैतन्य किम्वा अखण्ड प्रकाश यो अनायासले बुझ्न स- किन्छ । त्यसकारण आफ्नो वास्तव स्वरुपलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चैतन्यरुप भनिएको छ ।

आत्मा यदि चैतन्य [ज्ञानरुप] हो तब भोग साधन देहादि अवयव न भएको हुनाले आत्माको सुखानुभव हुँन सक्दैन यसप्रकार भ्रमको निराकरण-को लागि आत्मालाई आनन्दरुप भनिएको छ । किनकि यसरुप सुषुप्तिकालमा आफ्नू सुख स्वरुपको अनु[illegible]र्दछ । त्यसैले यदि कोही त्यसलाई निन्[illegible]ट जगाउन खोज्छ तब त्यसमाथि द्वेष गर्छ । कि त्यो सुख पूर्वक सुतेको थिए भनी भन्दछ । यसकारण युक्ति र अनुभवद्वारा आफ्नू आनन्द-रुपता सिद्ध हुन्छ ।

ज्ञान र आनन्द क्षणिक र अनित्य भनी प्रतीत हुनुको कारण यो हो कि त्यो हो अन्तःकरण वृत्ति मा प्रतिबिम्बित ज्ञान र आनन्द । स्वरुपआनन्द र स्वरुपज्ञान हो तीन कालमा सत्य, किनकि त्यो हो निरवयव र सर्व विकार रहित परमार्थ सत्य वस्तु ।

चिद्रुप आत्मानै हो परमार्थ सत्य र आनन्द रुप वस्तु । "त्यो नै हुँ म" यसप्रकार सर्वदा अनु-भव गर्नु पर्दछ । वशिष्ठ भन्नु हुन्छ "जो नित्य आफूलाई चैतन्यस्वरुप भनी अनुसन्धान गर्दछ त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई शोक प्राप्त हुँदैन"। फलले मुमुक्षु पुरुषको देहादिमा आत्मबुद्धि त्याग गर्नु उचित हो।

२– साक्षिरूपले आत्माको प्रतिपादन

जो घटलाई देख्दछ त्यो जस्तो घटदेखि भिन्न भएको हुनाले कुनै प्रकारले घट हुँन सक्दैन देहको द्रष्टा तिमी दृश्य देह देखि भिन्न हुनाले तिमी देह हुन सक्दैनौ। यदि भन्द छौ ईन्द्रियले देहदेखि राखेको छ तब भन्छु कि त्यो ठीक व्हैन। किनकि जो इन्द्रियादिको साक्षी हो त्यो इन्द्रियद्वारा देहलाई जान्दछ इन्द्रिय साक्ष्य भएकाँ हुनाले त्यसले देहलाई जान्न सक्दैन। त्यसकारण इन्द्रियको द्रष्टा तिमी हौ तिम्रो दृश्य इन्द्रिय देखि भिन्न, त्यसकारण तिमी इन्द्रिय हैन। किनकि जो द्रष्टा हो त्यो दृश्यदेखि भिन्न हुन्छ। यसरी तिमी हौ मनको ज्ञाता, त्यसकारण दृश्य मनदेखि भिन्न भएको हुना ले तिमी मन हुन सक्दैनौ।

प्रश्नः– मन त इन्द्रियहरुको द्रष्टा हो त्यस-कारण मन कसरी दृश्य हुन सक्ला?

उत्तरः– मनको सङ्कल्प विकल्प संसय तिमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जान्दछौ, त्यसकारण सङ्कल्प विकल्प संसयरूप मन हो तिम्रो दृश्य ।

यसरी निश्चयरूप बुद्धिलाई पनि तिमी जान्दछौ, त्यसकारण तिमी बुद्धिदेखि भिन्न भएको हुनाले बुद्धि हुन सक्दैनौ । बुद्धि हो क्षणिक, तिमी हौ नि[illegible]

[illegible]सरूप [चेष्टारूप] प्राण अनात्मा तिम्रो [illegible]श्य [illegible] हुनाले तिमी हौ प्राणदेखि पनि भिन्न [illegible]हुन सक्दैनौ । प्राण हो अचेतन [सुषुप्तिमा [illegible]ण भए तापनि विशेषज्ञान रहँदैन] तिमी हौ [illegible] चैतन्य ।

प्रश्न :– देहादि संघात चेतन भएको हुनाले म भनी [साक्षी भनी] कथित हुन्छ ।

उत्तर:– देह, इन्द्रिय, प्राण, मन, बुद्धि कुनैले पनि अरुलाई जान्न सक्दैन त्यसकारण त्यो तिम्रो स्वरुप हैन । गीता १३।१ श्लोकमा देहादि संघात को साक्षी हो क्षेत्रज्ञ यसप्रकार भनिएको छ । त्यसकारण देहादि संघात हो साक्षी चैतन्य तिम्रो दृश्य । संघात दृश्य भएको हुनाले त्यो देखि भिन्न चिद्रूप द्रष्टाद्वारा प्रकाशित हुन्छ । यसरी आत्मा हो देहेन्द्रियादिको साक्षी देह इन्द्रियादि सम्पूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृश्य हो अनात्मा [तिम्रो स्वरूप देखि भिन्न] ।

३। शुद्ध चैतन्यरूपले आत्माको प्रतिपादन

जुन चैतन्यको समीपमा स्थित भई[illegible]पनि देहादि ग्रहण परित्याग आदि व्यापार [illegible] समर्थ हुन्छ त्यो चैतन्य वस्तु हो तिमो यसप्रक[illegible]

प्रश्नः– अविकारी चेतनको समी[illegible] स्थित भईकन बुद्धि आदि कसरी व्यापार ठा[illegible] चैतन्य अविकारी [गीता २।२५] भएको हुन बुद्धिको अनुकूल कुनै विकार देखाउनु आवश्यक हुन्छ ।

उत्तरः– प्रवृत्तिको अनुकूल कुनै विकार नभए तापनि चुम्बक आफ्नू समीपमा स्थित फलामको व्यापारको जस्तो हेतु हुन्छ त्यस्तै व्यापार रहित प्रत्यक् आत्मापनि आफ्नु सन्निधि वशात् बुद्धिको चलनको हेतु हुन्छ ।

प्रश्नः–देहादिलाई किन अचेतन भनिएको छ–त्यो त चेतन देखिन्छ ।

उत्तरः–सुषुप्ति मूर्छा र मरण समयमा देहादिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चैतन्यको अभाव देखिन्छ । त्यसकारण देहादि दृश्य भएको हुनाले अनुमान द्वारा अचेतन भनि सिद्ध हुन्छ र तिनीहरु चैतन्यको मिथ्या तादात्म्य वशात् चेतनको झैं प्रतीति भए तापनि वास्तवमा अचेतन दृश्य हुन्छ । स्वप्नमा देहन्द्रियादि दृश्यरूपले प्रतीति भएको हुनाले तिनीहरुको अचेतनता हो युक्ति

प्रश्नः— मन किन अचेतन हो ?

उत्तरः— मेरो मन अन्यत्र गएको थियो, वर्तमान विषयको स्मरण गर्न सकेन । ऐले मन स्थिर भएको छ र यस विषयको स्मरण गर्न सक्दछु । यसरी मनको एक विषयबाट अरु विषयमा पुगेको तिमी जान सक्दछौ, त्यसकारण मन हो तिम्रो दृश्य यो अनुभवबाट सिद्ध हुन्छ त्यसकारण मन हो अचेतन ।

प्रश्नः— बुद्धि कसरी दृश्य हुन सक्छ ?

उत्तरः— स्वप्न र जाग्रतलाई बुद्धि जाने तापनि सुषुप्तिलाई बुद्धि जान सक्दैन [सुषुप्ति कालमा बुद्धि रहँदैन] । आत्मा [तिमी स्वयं] जाग्रत् स्वप्न र सुषुप्तिलाई जानी राखेकोछौ । स्वप्न र जागरणमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धिको सद्भावलाई र सुषुप्तिमा बुद्धिको अभावलाई पनि तिमी जान्दछौ – त्यसकारण तिमी बुद्धिको द्रष्टा भएको हुनाले बुद्धिको दृश्यत्व सिद्ध हुन्छ ।

प्रश्नः– सुषुप्ति कालमा त आत्मसत्ताको परिज्ञान हुँदैन, त्यसकारण तत्कालमा आत्माको देखिन्छ ।

उत्तरः– सङ्कल्प, संशय आदि अनेक युक्त अनित्य बुद्धिको सुषुप्तिमा अभाव भए तत् साक्षी निर्विकार र नित्य आत्मा [स्वयं तिमी] सुषुप्ति कालमा पनि विद्यमान रहन्छौ किनकी आत्मा स्वयं प्रकाश भएको हुनाले बुद्धिवृत्तिको अपेक्षा विना सुषुप्तिमा त्यसको प्रकाश रहन्छ । त्यस कारण तत्कालमा आत्मसत्ताको [तिम्रो वास्तव स्वरूपको] अपरिज्ञान र अभाव हुन सक्दैन । किनकि तिमी नै तत्कालमा सुख र अज्ञानलाई साक्षात् अनुभव गरिराखेको हुन्छौ र त्यसको फलले जाग्रत्मा "सुख-पूर्वक सुतेको थिएँ र केही पनि जान्न सकिन" यस प्रकार सुषुप्तिगत सुखादिको स्मरण संभव हुन्छ । सुषुप्तिमा सुखादिको अनुभव नगरे पछि त्यसको स्मरण संभव हुने थिएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्नः– "साक्षात्" शब्दको आशय के हो ?

उत्तरः– सुषुप्ति कालमा अज्ञान–अज्ञानाकारमा सुखाकारमा र आत्माको साक्षात्कारमा परिणत हुन्छ आफ्नू सुख स्वरूपको अनुभव सुषुप्तिमा [illegible] रहन्छ, यसप्रकार कैवल्य श्रुति [१३] मा [illegible] छ त्यसकारण सुषुप्तिमा सुखाकारमा र [illegible] रूपमा परिणत अति सूक्ष्म अज्ञान वृत्ति-[illegible] चैतन्य प्रतिबिम्बित हुन्छ । यसको फलले [illegible] अनुभव र आत्मसत्ताको साक्षात्कार सं-[illegible]व हुन्छ । यो नै हो साक्षात्कार पदको अर्थ । त्यसकारण आत्मसत्ताको परिज्ञानको अभाव सिद्ध हुँदैन ।

प्रश्नः– जाग्रत् र स्वप्न वाह्य र आभ्यान्तर करणको वेद्य हुन्छ, आत्माद्वारा वेद्य हुँदैन ।

उत्तरः– इन्द्रिय र अन्तःकरण जड भएको हुँनाले तिनीहरु स्वतः प्रकाशक हुँन सक्तैन् । त्यस-कारण आत्मानै वाह्य इन्द्रिय र अन्तर इन्द्रियद्वारा जाग्रत अवस्थालाई जान्दछ र अन्तःकरणवृत्तिद्वारा स्वप्नलाई जान्दछ [प्रकाशित गर्दछ] तर सुषुप्तिलाई अन्य निरपेक्ष भईकन साक्षात् [अव्यवहितरुपले]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाश गरी रहन्छ। यसरी आत्मा नै हो तीन अवस्थाको साक्षी [शुद्ध चैतन्य स्वरुप]।

प्रश्नः– आत्मा केवल चैतन्य कसरी हो ?

उत्तरः– दीप जस्तो स्वप्रकाशरुप भएको [illegible] हनाले आफूबाट प्रकाशित घट देखि भिन्न र [illegible] प हुन्छ त्यस्तै आत्मा आफूबाट प्रकाशित अ[illegible] ई, इन्द्रिय, प्राण, मन बुद्धिदेखि भिन्न भए[illegible]ले केवल चैतन्यस्वरुप हो। आत्मा हो चै[illegible]प. यो तैत्तीरीय [२१।१] बृहदारण्यक [[illegible] श्वेताश्वतर [६।११] आदि धेरै श्रुतिमा कहिएको छ।

प्रश्नः– यहाँसम्म के सिद्ध भो ?

उत्तरः– देहादि सारा हो अचेतन र चेतन तिमी हौ देहादि संघात देखि भिन्न, स्वप्रकाश शुद्ध चैतन्यरूप। त्यसकारण तिमी देहादि विशिष्ट चेतन हैं नौ मरणशील मानिस, कर्त्ता, भोक्ता, प्रमाता हैं नौ [किन्तु तिमी हौ चित्त आदि सारा दृश्य रहित चैतन्यस्वरूप] यस विषयमा दृढ निश्चय पूर्वक आफ्नो नित्य स्वतः शिद्ध स्वतःप्रकाश सुखस्वरूपमा सर्वदा सहजरूपले अवस्थान गर्नु पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४। अखण्ड आनन्दरूपले आत्माको प्रतिपादन

बृहदारण्यक [२।४।५] श्रुतिमा उक्त भएको छ कि वित्त आदि सारा पदार्थ आत्मा [तिमी] प्रयोजन युक्त भईकन, तिम्रो अनकूल भएमानै मनी विवेचित हुन्छ। त्यसकारण स्वयं तिमी पदार्थदेखि पनि अत्यन्त प्रिय [प्रियतम] आत्माको निरूपाधिक आनन्द स्वरूपता हो सिद्ध। अर्थात् जो हो देहादि सारा अनात्म दार्थको द्रष्टा त्यो हो पुत्रादि सारा पदार्थ देखि को आस्पद र अखण्ड आनन्द स्वरुप।

प्रश्नः– यो कसरी देखाउन संभव हुन्छ ?

उत्तरः– मनुष्यको हो स्वयं अखण्ड आनन्द-रुप यो यस्को चेष्टा र विचारबाट स्पष्ट जानिन्छ। अकस्मात् घरमा आगो लागे त्यो वित्त, पुत्र, कलत्र सबैलाई परित्याग गरीकन आफ्नो रक्षाको लागि पैले घरबाट बाहिर निस्कीहाल्छ र पछि आफ्नो प्रिय जनलाई र पदार्थलाई रक्षा गर्न चेष्टा गर्छ। यहाँबाट बुझिन्छ कि त्यो हो सारा देखि उत्कृष्ट प्रेमको वस्तु। शरीरदेखि इन्द्रिय ज्यादा प्रिय हुन्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

इन्द्रिय देखि प्राण, प्राणदेखि मन, बुद्धि ज्यादा प्यारो र मन बुद्धिदेखि पनि अहंकार [भोक्ता] हो ज्यादा प्रेमको वस्तु । योगीहरु मन बुद्धिलाई निरोधगर्नुको लागि अभ्यास गर्दछ र मुमुक्षु पुरुषहरु आफ्नो कल्याणको लागि शरीर विसर्जन गर्दछ । [illegible] र देखि पनि उत्कृष्ठ वस्तु हो चिदानन्द [illegible] । आत्मस्वरुपको दृढ अपरोक्ष ज्ञान भए मुक्ति [illegible] मुक्त हुन्छ ।

प्रश्नः— जब सारा मानिस आत्माला [illegible] स्पद भनी किन ग्रहण गर्दैन ?

उत्तरः— आफ्नो यथार्थ स्वरुको अनुसन्धान पूर्वक त्यसको सम्यक् ज्ञान सत्संग र सद्गुरुको उपदेश विना संभव छैन । यो हो सत्संग र आत्मा स्वरुपको यथार्थ उपदेश । ब्रह्मविद्या शुद्ध बुद्ध पुण्यभूमि नेपालदेशको अद्वैत महाविद्यालय र विश्वविद्यालयहरुमा मिल्दछ । आत्माको आनन्दरुपताको सामान्य अनुभव सारा मानिसको प्राप्त भए तापनि त्यसको विशेष अनुभव सद्गुरुको उपदेश र सत्शास्त्रको अवलोकन विना संभव छैन । बुद्धिमान् पुरुषको कर्त्तव्य हो कि त्यसको आफ्नो स्वरुपको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामान्य अनुभवलाई सत्संग जनित विचार र ब्रह्म-विद्याद्वारा विशेष अनुभवमा [दृढ अपरोक्ष ज्ञानमा] परिणत गरीकन सर्वदा मुक्ति सुखको अनुभव गर्नु ।

परमार्थ सत्यरूपले आत्माको प्रतिपादन

कालमा जो हो परमप्रेमको आस्पद त्यो सत्य वस्तु । म अवश्य अतीत कालमा हैन । म अवश्य अतीत कालमा विद्यमान थिएँ किनकि म हुँ अनादि । त्यसकारण भूतकाल-मनि म अवस्थित थिएँ केवल भूतकालमा म परमप्रेमको आस्पद थिएँ यस्तो होइन म सर्वदा [तीनैकालमा] वर्तमान र भविष्यत कालमा पनि विद्यमान छू । देहादि अनित्य भएको हुनाले सर्वदा विद्यमान नभए तापनि नित्य आत्माको कैलेपनि नाश संभव नभएको हुनाले आदि र अन्त शुन्य म सर्वदा अवस्थित छू , यसरी तीनै कालमा निरवधि आनन्दरूपले जो द्रष्टा प्रसिद्ध [अनुभव सिद्ध] छ, त्यो हो तिमी, यसप्रकार जान्नु पर्छ । असत्य देह, वित्त, क्षेत्र आदि पदार्थ परमप्रेमको विषय नभएको हुनाले त्यो अल्प समयको लागि प्रतिभासीत भए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तापनि सर्वदा विद्यमान रहँदैन । किन्तु तिमी स्वयं परमप्रेमको आस्पद भएको हुनाले र तीनै कालमा विद्यमान भएको हुनाले तिमी वास्तवमा परमार्थ सत्यवस्तु भनी सिद्ध छौ । आत्मसत्ताको स्फुरणप्रवेश द्वारा त्यसमा कल्पित देह चित्त आदि स[illegible]र अ-त्म पदार्थको अल्पकालिन सत्ता र प्र[illegible] । ए तापनि तिनीहरुको वास्तव सत्ता र स्फूर्ति [illegible]-

६ । त्वं पदको अर्थ

(तिम्रो वास्तव स्वरूप)

तिमी हौ तिमीमा अध्यस्त देह, इन्द्रियादि सारा अनात्म पदार्थको निरपेक्ष प्रकाशक । तिमी देह, इन्द्रिय, प्राण, मन, बुद्धिलाई अन्य निरपेक्षरुप ले जानिराखेका छौ ।

प्रश्नः– यो कसरी संभव हुन्छ ?

उत्तरः– अधिष्ठानरुप तिमीमा देहादि पदार्थ कल्पित भएको हुनाले स्वयं सिद्ध तिम्रो प्रकाशद्वारा नै त्यो सारा पदार्थ प्रकाशित हुन्छ । त्यसकारण प्रकाशनरुप क्रियाको आश्रयत्व [किम्वा प्रयास] तिमी मा नभए तापनि तिमी निर्विकाररूपले [प्रदीप झैं]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देह, मन, बुद्धि सारा अनात्म प्रपंचलाई प्रकाश गर्दछौ । यसरी "तिमी हौ मनको साक्षी" "तिमी मन बुद्धिलाई जान्दछौ" यसप्रकार भनिन्छ ।

प्रश्नः– कसबाट के सिद्ध भो ?

उत्तरः– कल्पित बुद्धि आदिको साक्षात् प्रकाश-[illegible] स्वरुप तिमी हौ असत्य जड दुःखरुप [illegible]रा अनात्म प्रपंच देखि भिन्न । त्यसकारण [illegible]ी सम्पूर्ण विकार रहित प्राण मन र बुद्धि [illegible]न्न ।

७। तत् पदको अर्थ

[ईश्वरको वास्तवीक स्वरूप] – दुई प्रकारले निरूपण

सत्य आनन्द र स्वप्रकाश हो तिम्रो वास्तव स्वरुप, यो जानेमा नै पुरुषार्थको सिद्धि हुन्छ । त्यस-कारण तिम्रो वास्तव स्वरूप हो ईश्वरको वास्तव स्वरूपदेखि अभिन्न यसप्रकार वेदको महावाक्य उपदेश दिन्छ । यसरी दुवै पदार्थको ऐक्य ज्ञानको दृढता भए परम पुरुषार्थ सिद्ध हुन्छ । त्यसैले तत् पदार्थ को प्रतिपादन गरिन्छ ।

त्वं पदार्थ प्रतिपादक "तिमी हौ मनको साक्षी" महावाक्यको श्रवण र मननको अभ्यासद्वारा तिम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

वास्तव स्वरूपलाई निशंसय रूपले जान्नु पछि । फेरि अतत् निरसनद्वारा र विधिमुखले प्रतिपादित ईश्वर को वास्तव स्वरुपलाई [ईश्वर साक्षीलाई] श्रवण मननको अभ्यासद्वारा निशंसयरुपले जान्मुपर्छ ।

प्रश्नः— मन र वाणीको अविषय ब्रह्म [ईश्वरको वास्तव स्वरुपलाई] जान्नु कस हुन्छ ?

उत्तरः—"यो हो ब्रह्म" यसप्रकार सींङ्ग कन [विषयरुपले] ब्रह्मलाई जान्नु संभव नभ "यो हैन, यो हैन," [बृहदारण्यक २।३।६] यस ब्रह्मको कार्यभाव र कारणभाव प्रति सिद्ध भएको हुनाले कार्य र कारण उपाधियुक्त [जीवभाव र ईश्वर-भाव] पारमार्थिक हैन, किन्तु यो हो मायिकमात्र [मिथ्या] यसप्रकार बुझनु सजिलोसित संभव हुन्छ। फलस्वरुप यो कार्य भाव [प्रमाता, कर्ता, भोक्ताभाव] र कारणभाव [सर्वज्ञता, सर्वशक्तिमत्ता आदि] परित्यागपूर्वक यिनीहरुको निषेधको जो सीमा [सत्य ज्ञानानन्द ब्रह्म स्वरुप] त्यो स्वयं प्रकाशित भइहाल्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्नः— कसरी ?

उत्तरः— अतत् व्यावृत्तिद्वारा ब्रह्मस्वरुपको परिज्ञान नभए तापनि "ब्रह्म हो सत्य ज्ञान र अनन्त" [तैत्तिरीय २।१।१] यसप्रकार साक्षात् विधिमुखले ब्रह्म [illegible] को प्रतिपादक श्रुति वाक्य द्वारा निर्विकल्प ज्ञा[illegible] पक ब्रह्म-विषयरुप नभए तापनि-अखण्डाकु[illegible] स्पष्ट भासमान हुन्छ।

प्रश्नः— यसलाई स्पष्ट गरी बताउनुहोस्।

उत्तरः— सारा द्वैत प्रपंचको निषेधको फलले द्वि वृत्तिरहित भएर अखण्डाकार हुन्छ र त्यो अखण्डाकार बुद्धिमा एक, अद्वितीय ब्रह्मवस्तु अभिव्यक्त भैहाल्छ। सत्य, ज्ञान र आनन्द यो तीन शब्द क्रमले ब्रह्मका अनृतत्वको, जडत्वको र दुःखरूपत्वको व्यावर्तन गर्दछ। सत्यत्व, चिद्रुपत्व र आनन्दत्व भिन्न भिन्न वस्तुलाई बोधन नगरीकन जस्तो पिता, पति र पुत्र एकै देवदत्तलाई बुझाईन्छ त्यस्तै श्रुतिवाक्य सत्य, ज्ञान, आनन्द अद्वितीय ब्रह्मस्वरुपलाई अनृत, जड, दुःखत्वादि देखि भिन्न ब्रह्मवस्तुलाई जनाई दिन्छ।

प्रश्नः— अतत् व्यावृत्तिद्वारा तत् पदार्थको निरुपण कसरी गरीन्छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

उत्तरः– ईश्वरको वास्तव स्वरुप [ब्रह्म] हो सारा संसार दोष वर्जित [अर्थात रागादि दोष रहित] । जीवभावको आश्रय जो मिथ्या ज्ञान र त्यसको कार्य रागादि दोष, विषय प्रवृत्ति, जन्य दुःखादि हुन् ती ब्रह्मस्वरूपमा छैनन् । यो जानेपछि जीवक[illegible]ान्न आफ्नो वास्तव स्वरुपको ज्ञानद्वारा त्य[illegible]त्-त्व आदि रुप मिथ्याज्ञानको निवृत्ति [illegible] यो सूचित गरीएको हो । ईश्वर वास्तवमा [illegible] प्र-चान्तर्गत सारा पदार्थ देखि विलक्षण । स[illegible] पंच हुन् दृश्य र परिच्छिन्न, किन्तु प्रत्यगब्रह्महो अ[illegible] द्रष्टा [वृहदारण्यक ३।८।११] । शुद्ध चैतन्यमा[illegible] द्वैत प्रपंच काल्पत भएको हुनाले त्यो जगत प्रपंचको प्रकाशक जो प्रत्यगब्रह्महो त्यो हो स्वयंप्रकाशमान । त्यसकारण त्यसलाई [चिदाभास आदि] अरु कोही प्रकाशगर्न समर्थ हुँदैन । यसरी ईश्वरको वास्तव स्वरुपलाई मुमुक्षु पुरुषले निश्चितरुपले जान्नु पर्छ । यसको फलले त्यसको मिथ्या प्रमाता, कर्त्ता, भोक्ता-भाव निवृत्त भईहाल्छ ।

प्रश्नः– विधिमुखले तत् पदार्थको निरुपण कसरी गर्नुपर्छ ।

उत्तरः– ईश्वरको वास्तव स्वरुप हो निरतिशय

Nepal Sanskrit University, Bamdeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आनन्द । यो अपरिमित [अखण्ड] आनन्द अनित्य वस्तु होइन, किनकि यो अन्तःकरण वृत्ति मै अभिव्यक्त क्षणिक आनन्द होइन । यो स्वरूपानन्द हो परमार्थ सत्य ।

प्रश्नः– यो आनन्दत हो वेद्य, त्यसकारण [illegible] परमार्थ सत्य हुन सक्छ ?

उत्तरः– स्वरुपानन्द हो ज्ञानरूप त्यो ज्ञेय हुन [illegible] त्यसकारण त्यो हो परमार्थ सत्य । लौकिक [illegible] वृत्तिरुप भएकौ हुनाले त्यौ हौ अनित्य, किन्तु ज्ञानरूप परमात्मा हो सत्मात्र स्वरुप । ईस्वरको वास्तव स्वरुप हो अपरिच्छिन्न [परिपूर्ण] । सर्वाधिष्ठानभूत सद्वस्तुलाई परमात्मा भनिन्छ ।

प्रश्नः– यहाँबाट के शिद्ध भो ?

उत्तरः– यसरी जो हो तिम्रो वास्तव स्वरूप त्यो नै हो ईश्वरको वास्तव स्वरुप । अर्थात् जो हो सत्य आनन्द स्वरूप, मनको साक्षी, शुद्ध चैतन्यवस्तु त्यो नै हो निरतिसय आनन्द, सत्य ज्ञानरुप वस्तु । जो हो जीव [त्वं पदको लक्ष] त्यो नै हो परमात्मा [तत् पदको लक्ष] । यसरी महावाक्यले जीवात्मा र परमात्माको एकतालाई प्रतिपादन गरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८। ब्रह्मको अद्वितीयता

[भेद निरसन]

सारा द्वैत प्रपंच कार्यारूप भएको हुनाले त्यो हो कारण देखि अभिन्न-त्यसकारण ब्रह्मरुप [illegible] ब्रह्मनै माया द्वारा सारा द्वैत प्रपंचको [illegible] आकारित देखिन्छ।

किम्वा सारा प्रपंच दृश्यरुप। भएको [illegible] त्यो अधिष्ठानको ज्ञानबाट दूरीभूत हुन्छ। प्रपंच असत्य भएको हुनाले ब्रह्ममा वि[illegible] निराकृत भयो।

प्रश्नः— तर जीव प्रपंच देखि भिन्न भएको हुनाले ब्रह्ममा सजातीय भेद त अवश्य भै रहन्छ।

उत्तरः— तैत्तिरीय [२।६।१] श्रुति अनुसार ब्रह्मको नै जीवरुपले कार्य र कारण प्रपंचमा अनुप्रवेश भएको छ यस प्रकार जानिन्छ। माया र पंचकोशरुप उपाधि भेदले जीव र ईश्वरको भिन्न भेद देखिन्छ। जस्तो घट र मठ यो देह उपाधि भिन्न भिन्न भएको हुनाले घटाकास र महाकाश भिन्न भिन्न भनी प्रतीत हुन्छ। वास्तवमा आकाश एक अखण्ड वस्तु भएको हुनाले त्यसमा स्वाभाविक भेद रहन सक्दै-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न । त्यस्तो एक अद्वितीय परमार्थ सत्य वस्तुमा [ब्रह्ममा] माया र अविद्या यो दुई उपाधि भेदले जीव र ईश्वर किम्वा नाना अन्तःकरण रुप उपाधि भेदले नाना जीव प्रतीत हुन्छ ।

[illegible] माको स्वाभाविक भेद छ यस्तो यदि कुनै [illegible] भन्छ, तब त्यो आत्मभेद दृश्य हो कि अदृश्य हो [illegible] भन्छौं कि त्यो दृश्य हो तब जिज्ञासा गर्छु कि [illegible] आत्माको दृश्य हो कि अरुको दृश्य ? [illegible] न भएको हुनाले त्यो भेदको द्रष्टा हुन [illegible] पर्छ भन्नु पर्दछ ।

यदि भनिन्छ कि त्यो भेद हो आत्माको दृश्य तब भन्छु कि त्यो आत्मा दृश्य भेद हो आत्म-दृश्यभूत देहादिको धर्म, जस्तो आत्मदृश्य सेतो पहेलो आदि आत्माको धर्म नभैकन आत्माको दृश्य-भूत पटादिको धर्म भना भनिन्छ । त्यो भेद अ-दृश्य आत्माको धर्म हुन सक्दैन । अदृश्य आश्रय-को धर्म– द्रष्टाबोधको झैं –अदृश्य नै हुन्छ । यदि द्रष्टाबोधलाई पनि दृश्य भनि अंगिकार गर्छौं तब द्रष्टाको द्रष्ट्रिता नै संभव हुँदैन । किनकि यो स्मरण गर्नु पनि संभव छैन । एकै वस्तुको द्रष्टापन र दृश्यपन संभव छैन । यसरी भेद हो आत्मदृश्य यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

प्रमाणित हुन पाएन ।

आत्म भेदलाई यदि अदृश्य भन्दछौ, तव तिमी हामिहरुको भिन्न वन्यौ किनकि आत्मभेद अदृश्य भए आत्मभेद सिद्ध हुन पाएन ।

यदि भन्छौंकि द्रष्टाको भेद देखिन्छ [illegible] न प्रतित हुँदैन तव भन्छु कि यो ठिक हैन [illegible] के भेदको सद्भावमा प्रमाण नभएको हुना[illegible]ले म-भेद असत्य सिद्ध भो ।

फेरि जिज्ञासा गरिन्छ कि आत्मभेद [illegible] अभिन्न हो कि भिन्न हो ? यदि अभिन्न हो भन्[illegible] तव आत्मा विना भेदको पृथक् निरुपण अस[illegible] भएको हुनाले आत्माको एकत्व नै सिद्ध हुन्छ, अने-कत्व सिद्ध हुँदैन किनकि भेद हो आत्म स्वरुप । यदि भन्छौ कि आत्मभेद हो आत्मादेखि भिन्न, तव आत्मा देखि जो भिन्न हुन्छ त्यो अरूको धर्म नै हुन्छ। द्रष्टारुप आत्माको धर्म हुँदैन । त्यस कारण आत्मा मा भेदको गन्ध पनि छैन ।

प्रश्न :– तव निरवयव, निर्विकार ब्रह्म स्वरुपमा जीव ईश्वर भेद कसरी संभव भयो ?

उत्तर :–जस्तो एक अखण्ड आकाशमा घट् मठ्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भिन्न भिन्न उपाधिवसात घटाकाश, मठाकाश यस प्रकार भेदभ्रम देखिन्छ त्यस्तै माया अविद्या उपाधि वसात् जाव इश्वर यस प्रकार भेद व्यवहार संभव हुन्छ ।

[illegible]– ब्रह्म एक भए तापनि त्यसमा स्वगत-भेद [illegible] रहन्छ ।

[illegible] आत्मा अनारको फल झैं होईन जस्मा [illegible] तर्गत भेद रहनु संभव हुन्छ । आत्मा [illegible] बाहिर छैन, किन्तु आत्मा हो सिंधेनुन [illegible]न– [illegible]घन, प्रज्ञानघन– अर्थात् एकरस वस्तु, [illegible] प्रकार बृहदारण्यक उपनिषद (४, ५, १३) मा [illegible]को छ । छान्दोग्य उपनिषद [६, २, १] मा ब्रह्मलाई [आत्मालाई] एक र अद्वितीय भनिएको छ । फेरी बृहदारण्यक उपनिषद [४।४।१९] मा भनिएको छ कि यो ब्रह्मस्वरुपमा नाना भन्ने केही पनि छैन । यो सारा श्रुति वाक्य द्वारा सिद्ध हुन्छ कि आत्मा (ब्रह्म) हो सखरखण्ड झैं एकरस र निरवयव भएको हुनाले स्वगत, नानात्व आत्मामा हुन सक्दैन ।

प्रश्नः– तब ईश्वरलाई जीवको नियन्ता भनी कसरी भनिन्छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

उत्तरः– जस्तो पानीको भाँडामा प्रतिबिम्बित सूर्य र आकाशमा स्थित सूर्यको भिन्न भेद नभएता पनि प्रतिबिम्ब सूर्यको चलनादि बिम्बभूत सूर्यमा संभव हुंदैन, त्यस्तै बुद्धि चिदाभासको [जीवनाको] राग, द्वेष, सुख, दुःखरुप बन्धन, मिथ्या मा पुग्न सक्दैन । यसरी अन्तःकरणको भ रुप उपाधि बसात् एक परमार्थ सत्य वस्तु नियामक रुप भेद व्यवहार संभव हुन्छ मेश्वर नियन्ता हुनुहुन्छ र अल्पज्ञ वन्दछ ।

प्रश्नः– याहांबाट के सिद्ध भो ?

उत्तरः– यो नै सिद्ध भो कि बुद्धिस्थ चिदाभास को राग-द्वेष, सुख-दुःखरूप बन्धन स्वभाव सिद्ध हैन, किन्तु त्यो अविवेकको फलले चिदाभासमा आरोप हुन्छ ।

प्रश्नः– यो कसरी संभव हुन्छ ?

उत्तरः– फलाम डढाउन नसके तापनि तातेको फलाम जस्तो डढाउन समर्थ हुन्छ त्यस्तै चिदाभास चैतन्यमा रागद्वेष आदि नभए तापनि-किनकि राग द्वेष आदि हो बुद्धिको विकार र बुद्धिगत–पार्थक्य ज्ञानको अभावले त्यो रागद्वेष आदि बन्धन प्रमाता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चैतन्यमा आरोप गरिन्छ [जस्तो फलाममा दाहकता अविवेक वसात अरोपित हुन्छ] । यसरी चिदाभास मा रागद्वेष नभएको हुनाले आत्म स्वरूपमा बुद्धिको कुनै पर अलिकति पनि रहन सक्दैन, यो सिद्ध हुन्छ । दूसरी प्रमेय संशय [आफ्नू शुद्ध चैतन्य स्व संभावना बुद्धि] सजिलो सित निवारित

महावाक्यको अर्थ प्रदर्शन

"तिमी हौ परमार्थ सत्य ब्रह्म" यो महावाक्य का अर्थ हो अखण्ड एकरसतारुप वस्तुस्थिति । अर्थात् स्वतः सिद्ध जुन एकता [एक रसता किम्वा सत्यवस्तुको अद्वितीयता सर्वदा विद्यमान छ तद् विषयक अज्ञानको निराकरण पूर्वक स्वभावसिद्ध एकताको प्रदर्शन । यस ठाउंमा कुनै दुईवटा भिन्न पदार्थको एकता प्रतिपादन गरिएको होइन किनकि भिन्न भिन्न पदार्थको एकता कुनै प्रकारले संघटित भए-तापनि त्यो उत्पन्न वस्तु भएको हुनाले परवर्ति काल मा नष्ट भैहाल्छ । त्यसकारण "तिमी हौ ब्रह्म" यस ठाउंमा हुनुरुप कुनै क्रियाको पनि अवकाश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

छैन [तिमिलाई ब्रह्म हुनु परेको छैन, तिमी हौ नित्य ब्रह्मस्वरुप यसप्रकार बुझ्नु पर्छ] । "तिमी हौ ब्रह्म" यस महावाक्य द्वारा मुमुक्षु पुरुषको वास्तव ब्रह्म स्वरुपता ज्ञापित भएको छ । किनकि [तात्पर्यार्थ सत्य ब्रह्मको अद्वितीयता र एकरसता हो । तात्पर्यार्थ] मुमुक्षु पहिले त्यसलाई जानेका थिएन । [अतः अपरोक्षकारी श्रुति महावाक्य आदर पूर्वक [तात्पर्यार्थ] वस्तुसिद्ध अखण्ड एकरस वस्तुतालाई ज्ञापन गर्दछ ।

यो अखण्डार्थको [अखण्ड एकरसात्मक लक्ष्यार्थको] उपकारक हो उपाधिकृत विरुद्धांशको परित्याग किनकि सारा भेद हो एक अद्वितीय सत्य वस्तु नाना उपाधिद्वारा कल्पित गरिएको ।

प्र०:– यदि अखण्डार्थ स्विकार गरिन्छ तब "म हुं ब्रह्म" "तिमी हौ ब्रह्म" यस प्रकार भेद किन गरिएको ?

उ०:– जस्तो "राहुको शीर" भन्दा राहु र शीर यस प्रकार भेद प्रतित हुन्छ तापनि राहु र शीर एकै वस्तुलाई बुझाइन्छ । त्यस्तै महावाक्यमा पनि म, ब्रह्म यस प्रकार भेद प्रतीत भएतापनि तिनीहरु को भित्र वास्तवमा कुनै भेद छैन । किनकि अखण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकरसता भन्ने मेरो सहित ब्रह्मको एकता र ब्रह्मको सहित मेरो एकता यसप्रकार व्यतिहार [पर्यायकरण] बुझ्नुपर्छ । त्यसैले कैवल्य उपनिषद्मा [२६] भनिएको छ–"जो हो सूक्ष्म देखि पनि सूक्ष्मतर, नित्य वस्तु हो तिमी नै र तिमी नै हो त्यो" । योगवासिष्ठमा पनि प्रह्लाद भन्नु हुन्छ–"म हुँ तपाईं, तपाईं हो ।

यसरी जीवको ब्रह्मरुपता हो महावाक्यको अर्थ यो देखाइयो ।

आत्मैक्यरुप वाक्यार्थको अपरोक्ष दृढता –विदेहमुक्ति र जिवन्मुक्ति–

अहिले नित्य सिद्ध ब्रह्मस्वरुपको दृढ अपरोक्ष ज्ञानको उपाय भनिन्छ ।

आफ्नो ब्रह्मस्वरुपको अपरोक्ष ज्ञान का लागि जब सम्म निःशेष रुपले असंभावना र विपरित भावना देखि रहित हुंदैन तब सम्म नित्य सिद्ध आफ्नो वास्तव ब्रह्मस्वरुपमा अवधान पूर्वक अवस्थान गर्नु पर्छ [अर्थात् बारंबार ब्रह्मस्वरुपको अनुभव गरी रहनु पर्छ] ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्र० :– यो कसरी संभव हुन्छ ?

उ० :– तिमी हौ सत्य आनन्द स्वरुप, मनको साक्षी, शुद्ध चैतन्य । यो यदि साक्षात् जाही हालेका छौ तब यो बोध जब सम्म दृढ हुंदैन [illegible] सम्म वासनालेश वशात् कहिले कहिले चित्त [illegible] हुनु संभव छ । त्यसकारण जसरी प्रमाताभाव [illegible] प्रपंचमा सत्यताबुद्धि फेरी उदित नहोस् त्य [illegible] र्ग "म" र "मेरो" भावलाई परित्याग गरिकन चित्तलाई सर्वदा अखण्डित राख्न अभ्यास गर्नु पर्छ । यसो गरे पछी विदेहमुक्तता सिद्ध हुन्छ । अन्यथा अदृढ अपरोक्ष ज्ञानबाट केवल जीवन्मुक्तता [illegible] हुन्छ ।

प्र०:– अपरोक्ष ब्रह्मज्ञान भए फेरी चित्तको अखण्डताको के प्रयोजन छ ?

उ०:– अपरोक्ष ब्रह्मज्ञान उत्पन्न भएतापनि संसार वासनाको निःशेष निवृत्ति हुंदैन, किनकि अपरोक्षज्ञानीको पनि कहिले कहिले संसार वासनाको अनुवृत्ति देखिन्छ । योगवाशिष्ठमा भनिएको छ —

दृढ संसार वासनालाइ बन्ध भनेको छ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वासना हो तनुता [सूक्ष्मता] मोक्ष नामले अविहित भएको छ ।

विदेहमुक्ति :

मुक्ति पुनःकारण वाशिष्ठमा निर्वासनिक पुरूषको नै [illegible] मुक्ति कहिएको छ । त्यसैले निर्वासनत्व सि[illegible]दृढागि [बाधको दृढताको लागि] सत्यानन्द [illegible]त्य ब्रह्मस्वरुपमा सावधानता पूर्वक अवस्थानको (किम्वा चित्तको अखण्डाकारताको) अभ्यास गर्नु पर्छ । यस प्रकार अभ्यास वसात् अपरोक्ष ज्ञानको दृढता भए ज्ञानीको संसार वासना सहित् मनःक्षय, अज्ञान र तत्कार्यको निवृत्ति हुन्छ । र यस को फलले ज्ञानीको विदेहमुक्ति सिद्ध हुन्छ ।

प्र०:– विदेहमुक्त कसलाई भन्दछ ?

उ०:– देहेन्द्रियादि विद्यमान भएतापनि जसको शरीर इन्द्रिय शिथिलीभूत भएको छ किनकि अपरिच्छिन्न ब्रह्माकार भावना द्वारा देहेन्द्रियादि परिच्छिन्नत्वको अभाव भएको हुनाले मुक्त पुरुषको दृष्टिमा देह इन्द्रियादिको निर्वासनता संभव हुन्छ– यसरी विषयको सन्निधिमा पनि जसको चित्त अविकृत रहन्छ त्यसलाई विदेह मुक्त भनेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्र०:– विदेहमुक्त पुरुषको विशेषता के हो ?

उ०:– जनक, ऋषभ, जडभरत आदि विदेह पुरुषहरुको सञ्चित, प्रारब्ध र आगामिरुप कर्म विनष्ट भएकोछ र वाहांहरू सद्यविमुक्त हुनुहुन्छ (शरीर विद्यमान भएतापनि बोधको दृढताको फलस्वरूप [illegible]-हरु मुक्त हुनुहुन्छ)। जुन समयमा वाहांहरू [illegible] हुनु-संसार वासना समेत अज्ञान र तत्कार्य [illegible]-शेष निवृत्ति हुन्छ, त्यसैसमयमा वाहांहरू [illegible] मुक्त हुनुहुन्छ [वेदान्त विज्ञान पृष्ठ ३० हेर्नु]।

प्र०:– देह स्थित रहेतापनि कसरी विदेहमुक्ति संभव हुन्छ ?

उ०:– अरूको दृष्टिमा देह भएतापनि जसको संसार वासना सहित अज्ञान र तत्कार्यको निःशेष निवृत्ति भएको छ तिनको दृष्टिमा अज्ञानद्वारा परिकल्पित देहको अभाव भएको हुनाले विमुक्ति नै [विदेहमुक्ति नै] भैहाल्छ। यस प्रकार छान्दोग्य उपनिषदमा भनिएको छ।

प्र०:– यस प्रकारका पुरुषको शरीर कसरी कार्यमा प्रवृत्त हुन्छ ? किनकि प्रवृत्तिको कारण केही पनि छैन।

उ०:– जस्तो चिन्तायुक्त मानिसको हस्तादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वतः स्वकार्यमा प्रवृत्त हुन्छन् र वासनाको अधीन आँखा आदि ईन्द्रिय स्वतः प्रवृत्त हुन्छन् किम्वा जस्ते बाटोमा परी राखेको पराल आदिमा राग रहित भैन पनि आँखा पर्दछ त्यस्तै मुक्तदेह [विदेहमुक्त] पुरुष पहिलेको झैं योजन आदिमा प्रवृत्त हुन्छ पथिक जस्तो पहाड, नदी, जंगल देख्दछ त्यस्तै देह पुरुष योजनादि अनुभव गर्नु हुन्छ। जन्म नभैनि यसरी संस्कार वसात् किम्वा कुलाल चक्रको झैं पूर्ववत् कार्यमा प्रवृत्त हुनुहुन्थ्यो।

प्र०:– विदेह मुक्तको शरीर पतन हुन्छ कि ?

उ०:– अज्ञानी मानिसको दृष्टिमा मुक्त देह को शरीरपात श्रुतिमा (बृहदारण्यक ४।४।७ मा) भनिएको छ।

प्र०:– यहां सम्म के सिद्ध गरिएको हो ?

उ०:– ब्रह्म स्वरूपको अपरोक्ष ज्ञानको दृढता भए–वासना लेश सहित अज्ञान र तत्कार्य (सर्वकार्य को) क्षयभए विदेह मुक्ति प्राप्त हुन्छ।

प्र०:– यसरी मुक्त देह पुरूषको जीवन्मुक्तिता अंगीकार गरे के दोष हुन्छ ?

उ०:– अज्ञानिको दृष्टिमा देह विद्यमान भए-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

को हुनाले मुक्त देह पुरुषको जीवन्मुक्तता स्वीकार गरे ब्रह्मा आदिको पनि देह विद्यमान भएको हुनाले जीवन्मुक्तता प्राप्त हुन्छ तर ब्रह्मा आदि अपरिच्छिन्न ब्रह्म स्वरुप भनी प्रसिद्ध भएको हुनाले योग सिद्धान्त हो अनिष्टकारी ।

जीवन्मुक्ति :

जसलाई ब्रह्मस्वरुपको अपरोक्ष ज्ञान मात्र प्राप्त भएको छ तर वासना सहित अज्ञान (संचित, प्रारब्ध र आगामी) सारा कर्मको क्षय भएको छैन अपरोक्ष-ज्ञानबाट केवल सञ्चित कर्मको क्षय भएको हुन्छ त्यसलाई जीवन्मुक्त भनेको छ ।

अपरोक्ष ब्रह्मज्ञान द्वारा सञ्चित कर्मको क्षय भए ज्ञानी प्रारब्ध कर्मको वेगले भोग हेतु रागादि संसार वासनालेशको सहित केही काल अवस्थान गर्नु हुन्छ ।

यसरी जीवन्मुक्त भैकन अभ्यास द्वारा ज्ञानको दृढता संपादित गरे– निःशेष अज्ञान नाशको सहित प्रारब्ध कर्म वासनाको लेशको अनुवृत्ति पनि क्षय भैहाल्छ र देहादि अभिमानको अभाव (म र मेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावको परित्याग) भएको हुनाले जीवन्मुक्त पुरुष विदेहमुक्त हुन्छ ।

जसको यसरी सारा कर्मको क्षय सम्पादित हुंदैन [किन्तु ज्ञान द्वारा केवल संचित कर्मको क्षय हुन्छ] तिनी प्रारब्ध कर्म वासनाको लेशानुवृत्ति सहित केही काल जीवन्मुक्तरुपले अवस्थान गर्नु हुन्छ ।

यदि अभ्यास द्वारा ज्ञानको दृढता सम्पादित हुन्छ तब प्रारब्धकर्म भोगको हेतुभूत रागादि वासनाको निवृत्तिपूर्वक देहेन्द्रियादिमा अभिमान नष्ट हुन्छ र विदेहमुक्ति संभव हुन्छ ।

ज्ञानको दृढता यदि सम्पादित हुंदैन तब प्रारब्धकर्मको वासनाको अभ्यास निवृत्त नभएको हुनाले ज्ञानी पुरुष देहपात सम्म जीवन्मुक्त रुपले अवस्थान गर्नु हुन्छ ।

प्र०:– प्रारब्ध, संचित र अगामी कर्म केलाई भन्दछ ?

उ०:– वर्तमानमा प्रतीयमान देहको उत्पत्ति र नाशादिको हेतुभूत कर्मलाई प्रारब्ध भनेको छ । बिबिध देहान्तरको उत्पादक कर्मलाई संचित भनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ र ज्ञानोत्पत्तिको पश्चात् देहावशान सम्म कर्तृत्व भोक्तृत्वादिको अभिमान विना क्रीयमाण कर्मलाई आगामि कर्म भनेको छ ।

प्रारब्धकर्म ३ प्रकारका हुन्छन् – ऐच्छिक, अनैच्छिक र परेच्छिक । अनिच्छा र परेच्छा प्रारब्धमा स्वकीय प्रयत्न रहंदैन । ईच्छा प्रारब्धमा ज्ञानी आफ्नो प्रयत्न द्वारा अभिष्ट भोग्य पदार्थको भोग गर्नु हुन्छ [जस्तो लिला चूडाला आदि] आकाश गमनादि सिद्धिको ईच्छा भए ज्ञानी त्यो त्यो सिद्धि र साधन गर्नु हुन्छ ।

जो विदेहमुक्त हुनुहुन्छ तिनको शरीर विद्यमान भएतापनि त्रिविधकर्म वन्धनबाट मुक्त हुनुहुन्छ । तर जीवन्मुक्तिको संचित कर्म अवशिष्ट रहन्छ ।

प्र०:– जीवन्मुक्तको पनि संसार वासना रहन्छ ?

उ०:– प्रारब्धकर्मको भोग हेतु रागादि संसार वासनाको लेश सहित केही काल अवस्थानलाई जीवन्मुक्ति भनेको छ । त्यसकारण जीवन्मुक्तको संसार वासनाको संभावना युक्ति संगत हो । योग-वासिष्ठमा भनिएको छ – राग, द्वेष, भय आदिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुरुप आचरण गरिकन पनि जो भित्र आकाशको झैं निर्मल रहनु हुन्छ उहांलाइ जीवन्मुक्त कहिएको छ ।

यसरी जीवन्मुक्त पुरुषमा संसार वासनाको सद्भाव देखिन्छ । जीवन्मुक्त बीतहव्य विदेहमुक्त समयमा भन्नु हुन्छ – हे राग ! तिमी राग शून्यता प्राप्त भै हाल, हे द्वेष ! तिमी निःशेषता प्राप्त गर । मैले तिमीहरु दुइ जनालाई जीवदशामा दीर्घकालका लागी बीदा गरें ।

प्र०:– जीवन्मुक्त र विदेहमुक्त पुरुषको भित्र के भेद छ ?

उ०:– जीवन्मुक्त पुरुषमा संसार वासनाको लेश विद्यमान रहन्छ तर विदेहमुक्त पुरुष निर्वासनिक हुनुहुन्छ । विदेह जनक, ऋषभ र जडभरतमा ज्ञानको दृढतावशात् तिनीहरु सारा कर्म बन्धनबाट विनिर्मुक्त हुनुहुन्थ्यो अर्थात् तिनीहरुको प्रारब्ध र आगामी कर्म थिएन [किनकि तिनीहरु वास्तवमा अशरीर हुनुहुन्थ्यो] । तिनीहरुलाई जीव र जगतको प्रतीति स्वप्न प्रपंचको स्मृति झैं थियो । किनकि तिनीहरुको म र मेरो भाव निःशेष नष्ट भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

थियो । तिनीहरु विषयवाट कहिले पनि क्षोभप्राप्त हुनुहुन्नथ्यो । तिनीहरुको लागि जगत् दर्शन थियो अद्वैत ब्रह्म स्वरुपको निरन्तर अनुभव मात्र । ज्ञानको दृढतावशात् तिनीहरुको जगत् वासना निःशेष रुपले विनष्ट भएको थियो ।

तर लिला, चूडाला आदि जीवन्मुक्त पुरुषमा प्रारब्धकर्मको हेतुभूत राग आदि संसार वासनाको लेश रही रहेको हुनाले –ज्ञानको दृढता [निर्वासनिक भाव] नभएको हुनाले अशरीरत्व [ईच्छाको निःशेष] थिएन । यो कुरा वाशिष्ट ग्रन्थवाट स्पष्ट रुपले जान्नमा आउंछ ।

प्र०:– संसार वासनाको अनुवृत्ति भए जीवन्मुक्त पुरुष त आगामी कर्मद्वारा वन्धनमा प्राप्त होला ?

संसार वासना अनुवृत्त भएतापनि जीवन्मुक्त पुरुष कर्तृत्व भोक्तृत्वको अभिमान विना प्रारब्धकर्म फलभोग अनुभव गर्नु हुन्छ र प्रारब्ध कर्मको अन्तमा विदेहमुक्त हुनुहुन्छ । क्रीयमाण आगामिकर्म सित जीवन्मुक्तको संस्पर्श हुँदैन [छान्दोग्य ४।१४।३]।

प्र०:– यो स्पष्ट गरिकन बताउनु होस ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपरोक्षज्ञान द्वारा अज्ञान निवृत्ति पूर्वक सञ्चितकर्मको नाश भए रागादि संसार वासनाको लेशानुवृत्ति सहित कर्तृत्वादि अभिमान बिना प्रारब्ध फलको अनुभवकालमा आभासरुप क्रीयमाण आगामिकर्म सित जीवन्मुक्तको कुनै संस्पर्श हुँदैन । प्रारब्धकर्म वेगको–भोग द्वारा क्षय भए–निवृत्ति हुन्छ । प्रारब्धकर्म भोग शेष भए मुक्त देहमा प्राणायामहरुको (लिंग शरीरको) विलय हुन्छ (नृसिंह उत्तरतापिनी उपनिषद् खण्ड ५) । यसरी सञ्चितकर्मको ज्ञान द्वारा नाश हुन्छ, कर्तृत्वादि विना गरिएको हुनाले आगामीकर्म सित जीवन्मुक्तको कुनै सम्बन्ध रहंदैन र प्रारब्धकर्म भोग द्वारा नष्ट भैहाल्छ । त्यसकारण देहान्तर प्राप्तिको कुनै कारण (कुनै प्रकार कर्म) अवशिष्ट नभएको हुनाले ज्ञानी पुरुषको देहान्त र प्राप्ति हुन सक्तैन । लिंगशरीरको उत्क्रमण नभएको हुनाले देहान्तर प्राप्तिको संभावना पनि छैन - जीवन्मुक्तको देहमा लिंग शरीरको विलय भैहाल्छ । वास्तवमा जीवको शरीरत्व नै संभव छैन । मुक्तको शरीरपात भएमा नै उपाधिविनिर्मुक्त घटाकाश जस्तो महाकाश भैहाल्छ त्यस्तो ज्ञानीको शरीरपात भएपछि नै उहाँ परिपूर्ण चिदा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नन्दस्वरुप भैहाल्नु हुन्छ । यसैलाई नै कैवल्य प्राप्ति भनेको छ (छान्दोग्य ६।१४।२) ।

प्र०:– कैवल्य केलाई भन्दछ ?

उ०:– सारा उपाधिसित सम्बन्ध राहित्यलाई केवलता (अद्वितीय ब्रह्मस्वभाव) किम्वा विष्णुको परमपद कहिएको छ । यो सर्वव्याप्तस्वरुप [ब्रह्मस्वरुप] मुमुक्षुको नित्यनै प्राप्त भैहाल्छ । कण्ठको हार प्राप्ति भै राखेको छ तापनि भूलले जस्तो अप्राप्त हुन्छ त्यस्तो नित्य प्राप्त ब्रह्मस्वरुप अविद्यावशात् अप्राप्त भएको थियो पछि ज्ञान द्वारा अविद्या र त्यसको सारा कार्य नष्ट भएपछि आफ्नो उत्कृष्ट स्वरुप फेरी प्राप्त भैहाल्छ ।

प्र०:– "जीवद्दशामा जसको कैवल्य प्राप्त हुन्छ तिनी देहपात अनन्तर पनि केवल हुनुहुन्छ" यसको अर्थ के हो ?

उ०:– कल्पित उपाधिवशात् एक अद्वितीय परमार्थ सत्य ब्रह्मस्वरूपमा जीव,ईश्वर र जगत भेद देखिन्छ । त्यसकारण यो उपाधिको निरसन भए निरसनकर्ता मुमुक्षु पुरुष केवल [अखण्ड ब्रह्मस्वरूप] भैहाल्नु हुन्छ । यो उपाधिको निःशेष विलयको लागि श्रुति प्रतिपादित आफ्नो वास्तव चिदानन्द-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूपमा कहिले पनि विस्मरण गर्नु उचित छैन । [कहिले पनि म र मेरो भावलाई उठ्न दिनु उचित होइन] । नभए जो यो अद्वितीय ब्रह्मस्वरूपमा अलिकति पनि भेद देख्छ त्यो निरन्तर भय प्राप्त हुन्छ र मरणको पछि फेरि शरीर ग्रहण गर्दछ-"केवल" हुन सक्तैन ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF





Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

या किताब –

१. "तारक अद्वैत विश्वविद्यालय रिडी (थोर्गा)
अञ्चल–नेपाल

२. "स्वरुप ज्ञापक" अद्वैत विश्वविद्यालय
खुदी बेनी लमजुङ
गण्डकी अञ्चल–नेपाल

३. "सन्ताप हारक" अद्वैत विश्ववि
क्षेत्रपुर नारायणगढ
नारायणी अञ्चल–नेपाल

४. "ब्रह्मप्रापक" अद्वैत विश्वविद्याल
काठमाण्डू
बागमती अञ्चल–नेपाल

को पाठ्य-क्रममा समावेश भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu